# प्रदेश सरकार, लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को निर्णय

**२०७८ साल बैशाख ६ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** लुम्बिनी प्रदेश अनुसन्धान ब्यूरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** आ.व.२०७८/७९ मा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानको सीमा देहाय बमोजिम कायम गर्ने ।

**क.** वित्तीय समानीकरण अनुदानको सीमा ७० करोड,

**ख.** समपुरक अनुदान अन्तर्गत गाँउपालिकालाई रु.१ करोड ५० लाख ,नगरपालिकालाई २ करोड र उपमहानगरपालिकालाई ३ करोड गरी जम्मा सीमा रु.१ अर्ब ५८ करोड ५० लाख,

**ग.** विशेष अनुदानको रुपमा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमतर्फ गाँउपालिकालाई ६० लाख, नगरपालिकालाई रु. ७० लाख र उपमहानगरपालिकालाई रु.८० लाख उपलब्ध गराउने गरी विशेष अनुदानको कुल रकम जम्मा रु.१ अर्ब ।

३. नवनियुक्त मन्त्रीहरु तथा राज्य मन्त्रीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्ने।